KALPRISTHA DAINIK
समाचार र विचारको स्वतन्त्र संवाहक
# कालपृष्ठ
वर्षः २९, अंकः६४
मंगलबार, १३ असोज २०८३
(Tuesday, 29 Sept. 2026)
पृष्ठः ४, मूल्यः १०।-
kalpristhanews.com
राष्ट्रिय दैनिक
'क' वर्गमा सूचीकृत

गाउँघर, कुनाकाप्चा, टोलका
विकास-निर्माण वा जनसमस्या
सम्बन्धित कुनैपनि खबर
सार्वजनिक गर्नु परेमा
हामीलाई जानकारी दिनुहोस्।
मो.नं.: ९८५११४८३६१, ९८५८०५९५४४

## सरकारविरुद्ध बोल्नेलाई प्रतिसोध लिने काम भएको छः नेता महर

**साबित्री बिश्वकर्मा**

*नेपालगन्ज, १२ असोज*



नेपाली कांग्रेसका केन्द्रीय सदस्य नैनसिंह महरले सरकारको विरुद्धमा बोल्ने व्यक्तिलाई प्रतिसोध साध्ने काम बढिरहेको आरोप लगाउनु भएको छ। सोमबार नेपालगन्जमा पत्रकारहरूसँग भेटघाटको क्रममा महरले सरकारको विरुद्धमा लेखेकै भरमा अहिले पक्राउ गर्ने प्रविधि बढिरहको बताउनु भयो।

नेपाली कांग्रेसको १५ औं केन्द्रीय महाधिवेशनको क्रममा पुर्व मेची देखि पश्चिम महाकालीसम्मको देश दौडाह गरिरहेको बताउँदै महरले वर्तमान अवस्थामा सरकाले देखाएको रवैया जनमूखी नभएको बताउनुभयो।

अबको अवस्थामा ईतिहास बोकेको नेपाली कांग्रेसलाई समय सार्न्दभिक बनाउन थुप्रै चुनौतीहरू रहेका भएता पनि कांग्रेसले जिम्मेवारी आफ्नो काँधमा लिनुपर्ने बेला आएको बताउनुभयो।

२०८२ को भाद्र पछि देशमा स्थापित भएको असमानजस्य स्थितीले राजनीतिक संरचना नै उथलपुथल बनाएको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो 'सरकार र जनताको तालमेल मिल्न सकेको छैन। सरकार जनता प्रति उत्तरदायि भएको छैन। यतिबेला नेपाली कांग्रेस जनताको पक्षमा सशक्त रूपमा जनताको सामिप्य र इच्छालाई बुझ्रेर अगाडी बढ्नुपर्ने भएको छ।'

वर्तमान सरकारलाई विश्वास गरेर अत्यधिक मतका साथ बिजयी गराएता पनि समग्र नागरिक समाज सरकारसंग त्रसित हुनुपरेको अवस्था रहेको उहाँले बताउनुभयो। यस्तो अवस्थाबाट नेपाली जनतालाई कसरी बाहिर ल्याउने भन्नेमा नेपाली कांग्रेस केन्द्रित रहेको उहाँले बताउनुभयो।

यो वर्तमान अवस्थामा सृजित परिस्थितीलाई सम्हाल्न सक्ने र उत्तरदायि हुँदै विश्वसामु उभिनुपर्ने चुनौती रहेको बताउनुभयो। अब नेपाली कांग्रेसमा जेन्जीको नवप्रर्वतन र पाका पुस्ताको अनुभवको संयोजन हुने गरी अगाडी बढ्नुको बिकल्प नरहेको उहाँको भनाई रहेको थियो। नेता महरले आफु आगामी अधिवेशनमा महामन्त्री पदको आंकाक्षी भएको समेत बताउनु भयो।

## विवादित अडियो सार्वजनिक भएपछि पक्राउ परे आशिष

**कालपृष्ठ समाचारदाता**

*नेपालगन्ज, १२ असोज*



नेपाल सरकारका गृहमन्त्री सुधन गुरुङको सचिवालयका व्यक्तिलाई बदनाम गराउने गरी सार्वजनिक भएको अडियोमा संलग्न बाँकेका आशिष मल्ल भनिने धर्मराज मल्ललाई प्रहरीले पक्राउ गरेको छ। मल्ललाई बाँकेबाट पक्राउ गरेर जिल्ला प्रहरी परिसर काठमाडौं लगेर थप अनुसन्धान गरेर कारबाही अगाडी बढाईरहेको प्रहरीले जनाएको छ। गृहमन्त्रीको मान्छेसँग निकट सम्बन्ध रहेको भन्दै फोन संवाद गरेको आरोपमा उनलाई पक्राउ गरेको प्रहरीले जनाएको छ।

पक्राउ पर्नेमा बाँकेको नेपालगञ्ज उपमहानगरपालिका-४ घर भएका ३७ वर्षीय मल्ल रहेका छन्। उनलाई जिल्ला प्रहरी परिसर काठमाडौंको टोलीले उनलाई पक्राउ गरेको हो।

मल्ल र बाँकेका अर्का पत्रकार हेमन्त चौधरीबिचको सम्बादमा गृहमन्त्रीका मान्छेसँग सम्बन्ध रहेको भन्दै मोलमोलाइ गरेको अडियो समेत सार्वजनिक भएको थियो। जसमा डिभिजन वन कार्यालयको विभिन्न जिल्लाका हाकिमलाई सरुवा गरेको र जेलमा कर्मचारी भर्ति गर्दा आउने कमिसनको बारेमा कुराकानी गरिएको छ।

पक्राउ परेका मल्लविरुद्ध ६ वटा मुद्दाहरू रहेको समेत खुलेको परिसरका एसपी तथा प्रवक्ता दानबहादुर थापाले बताउनु भयो।

अडियोबारे वास्तविकता बुझ्न सोधपुछ गर्दा उल्टै प्रहरीमाथि नै अभद्र व्यवहार गरेको प्रहरीले जनाएको छ। उनीविरुद्ध अभद्रको कसुरमा २ दिनको म्याद लिइएको छ। बाँकेमा उनीविरुद्ध दूरसञ्चार ऐनको कसुरमा मुद्दा दर्ता भएको थियो। उक्त मुद्दामा उनी फरार रहेको समेत प्रहरीको बताएको छ। मल्ल विरुद्ध बाँकेमै ३ वटा अभद्र १ वटा ठगी र १ वटा बैंकिङ कसुरको मुद्दा रहेको प्रहरीले बताएको छ।

## दैवी प्रकोप उद्धार कोषमा महिला उद्यमी संघ नेपाल बाँकेको आर्थिक सहयोग



**कालपृष्ठ समाचारदाता**

*नेपालगन्ज, १२ असोज*

महिला उद्यमी संघ नेपाल बाँकेले भोटेकोसी बाढी पिडितलाई सहयोग गर्ने उद्देश्यले नेपाल सरकारले बनाएको प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा आर्थिक सहयोग गरेको छ। महिला उद्यमी संघ नेपाल बाँके अध्यक्ष रेवती सिंहको नेतृत्वमा गएको टोलीले सोमबार बाँकेका प्रमुख जिल्ला अधिकार दिल कुमार तामाङ्गलाई बैंकमा जम्मा गरेको भौचर हस्तान्त्रण गर्नु भएको छ।

महिला उद्यमी संघ नेपाल बाँके अध्यक्ष रेवती सिंह, प्रथम उपाध्यक्ष आभा गौतम, महासचिव विन्दु चर्तिमगर र कोषाध्यक्ष कुसुम दुगडले प्रमुख जिल्ला अधिकारी तामाङ्गलाई ४१ हजार ५ सय ५ रूपैयाँको भौचर हस्तान्त्रण गर्नु भयो। उक्त रकम महिला उद्यमी संघ नेपाल बाँकेका सदस्यहरूले संकलन गर्नु भएको थियो। देशले संकटपुर्ण अवस्थाको सामना गरेको बेला महिला उद्यमीले सक्दो सहयोग गर्ने उद्देश्यले उक्त रकम हस्तान्त्रण गरिएको अध्यक्ष सिंहले बताउनु भयो।

महिला उद्यमी संघ नेपाल बाँकेको वर्तमान कार्यसमितिले गत वर्षको साउन २८ गते ११औं जिल्ला अधिवेशनबाट निर्वाचित भएदेखि विभिन्न आर्थिक र सामाजिक कार्य गर्दै आएको छ। महिला उद्यमीको क्षमता अभिवृद्धिमा सक्रिय संघले नेपालगन्जमा महिला उद्यमीका उत्पादनलाई बजारीकरण तथा प्रवर्द्धनको लागि हरेक वर्ष लुम्बिनी प्रदेश स्तरीय प्रदर्शनी, विभिन्न आर्थिक उन्नतीसँग जोडिएका तालिम तथा अन्तरक्रिया जस्ता कार्यक्रमहरू आयोजना गर्दै आएको छ।

### आवश्यकता सम्बन्धी सूचना !

**सूचना प्रकाशित मिति : २०८३/०६/१२**

यस शिखर ग्रुप अफ इण्डस्ट्रिज अन्तर्गत गणपति डोर एण्ड प्लाईबोर्ड ईण्डस्ट्रिज प्रा.लि., कोहलपुर -१४ पार्वतीपुरको लागी तपशिल बमोजिमका कर्मचारीहरुको आवश्यकता भएकोले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र निम्नानुसारको योग्यता पुगेका ईच्छुक व्यक्तिहरुले तलको ठेगानामा आवेदन पेश गर्न हुन जानकारी गराईन्छ।

| क्र.सं. | पद | संख्या | योग्यता | अनुभव | उमेर |
|---|---|---|---|---|---|
| ०१ | सुपरभाईजर | २ जना | प्लस टु वा सो सरह उत्तीर्ण भएको। | सुपरभाईजर सम्बन्धी कार्य अनुभव भएको, | २५ वर्ष पुरा भई ३५ वर्ष ननाघेको |

**आवश्यक पर्ने कागजातहरु**
- व्यक्तिगत विवरण (CV)
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी।
- शैक्षिक प्रमाण पत्रको प्रतिलिपी।
- अनुभवको प्रमाणपत्रको प्रतिलिपी।

**आवेदन बुझाउने ठेगाना**

**मोर्डन डोर्स एण्ड उड प्रोडक्टस प्रा.लि.**
औद्योगीक क्षेत्र, नेपालगंज बाँके
तलब : अनुभव तथा कार्य क्षमताको आभारमा आकर्षक हुने छ।

**थप जानकारीको लागि सम्पर्क नम्बर**
९८०१५४७०११, ९८०१५४७०१७




मेशिन द्वारा
शिलालेख, ताम्रपत्र
Laxmi Media Printers
लक्ष्मी मिडिया प्रिन्टर्स
बि.पी. चोक, नेपालगंज। फोन नं.: 081-535860, 537486, 9858046254, 9858023860

# राष्ट्रसंघमा नेपाल



- प्राकृतिक विपत्तिमा अन्तर्राष्ट्रिय सहयोग र राहत महत्त्वपूर्ण
- जलवायु परिवर्तन, आतङ्कवाद र युद्ध विश्वव्यापी साझा चुनौती
- मानव मनको भोगवादी प्रवृत्ति नै जलवायु विनाशको मूल कारण

प्राडा जयराज आचार्य

नेपालले भूकम्प, हिमालयन सुनामी भन्न सकिने हिमनदीको विस्फोट, बाढीपहिरो आदि अनेक प्राकृतिक प्रकोप भोगिरहँदा विश्वभरका हाम्रा मित्रले ठुलो उदारतापूर्वक सहयोग र राहत सामग्री दिनुभएको छ। उहाँहरूको यो गुन हामी कहिल्यै पनि बिर्सने छैनौँ। अब हाम्राअगाडि पुनर्निर्माणको चुनौतीपूर्ण काम आएको छ। त्यसमा हामीलाई प्राविधिक सहयोग र अनुभवमा आधारित ज्ञान आवश्यक छ र हामी त्यसका लागि पनि अपिल गर्छौं। भारत, चीन, अमेरिका, कोरिया, अस्ट्रेलिया, युएई र अन्य धेरै मित्रराष्ट्रबाट ठुलो मात्रामा राहत सामग्री आयो। राहत मात्रै होइन, उद्धार कार्यका विशेषज्ञ टोली आएर मद्दत गरे। उहाँहरूको ज्ञान र प्राविधिक सहयोग यस पटकका लागि मात्रै होइन, भविष्यका लागि पनि अवश्य नै धेरै उपयोगी हुने छ।

गत भदौ १०, २०८३ को बिहान नेपालको हिमाली जिल्ला रसुवाबाट एक सय वटा फुटबल मैदान जत्रो ठुलो बरफको विशाल चट्टान खसेर पग्लिई माटो र विशाल ढुङ्गालाई साथमा लिएर बग्न थालेको बाढीको वेग र विध्वंसको वर्णन कुनै शब्दले गर्न कठिन छ। विश्वका प्रायः सबै प्रमुख मिडियाले त्यसको वर्णन गरेर भयावह दृश्य पनि देखाइसकेका छन्। पुराणमा वर्णित प्रलयभन्दा यो कम थिएन। सबैले देखिसकेको त्यस घटनाको लामो वर्णन दोहोऱ्याइरहन आवश्यक छैन तर यस कठिन घडीमा नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, इन्जिनियर, हेलिकोप्टर पाइलट, प्रशासक, शिक्षक, स्वयंसेवक, स्वदेशी तथा विदेशी व्यक्ति तथा संस्थाले गरेको कामको जति प्रशंसा गरे पनि कम हुन्छ।

सायद नेपालको अत्यन्त कठिन भौगोलिक परिस्थितिमा हुर्किएकाले होला, हामी नेपाली जनतालाई दुःखकष्ट सहने बानी परेको छ। जस्तै विपत्मा पनि आशावादी भएर काम गरिरहने हाम्रो स्वभाव छ। यो अकल्पनीय प्राकृतिक विपत्तिको १२-१३ दिनपछिसम्म पनि अत्यन्त विकट र असुरक्षित भौगोलिक परिस्थितिमा पनि रातदिन हाम्रा सुरक्षा निकायका जवानले विदेशी मित्रका साथ गरेको प्रयासस्वरूप केही मानिसलाई जिउँदै उद्धार गरेको काम इतिहासमै स्वर्णाक्षरले लेखिने छ। यस्तै आशावादिता, मित्रता र सहकार्यले नै मानव जीवनलाई सार्थक बनाउँछ। तर, यो हामीले नबिर्सौं कि राहत सामग्री भनेको घाउमा मलमपट्टी मात्रै हो। रोगको जरोमा नै पुगेर उपचार गर्ने हो भने वातावरण प्रदूषणको मुख्य कारणलाई हामीले सम्बोधन गर्नु पर्छ। त्यो काम नेपालका लागि मात्रै होइन, नेपालका छिमेकीका लागि मात्रै पनि होइन, विश्वकै हितका लागि हुने छ। अहिले नेपालका हिमाली जिल्ला रसुवा र नुवाकोटमा यो विपत्ति आइपरेको भए पनि यसमा नेपालीबाहेक ३४ देशका ५८७ जनाभन्दा बढी नागरिक बेपत्ता भएको भन्ने रिपोर्ट छ। यो घटनाले वातावरणीय विनाशको विश्वव्यापी सन्दर्भलाई प्रस्ट पारेको छ।

अहिलेको विश्वमा त्रासदी वा विभीषिका भनेका तीन कुरा छन्– जलवायु परिवर्तन र यसका दुष्परिणाम, आतङ्कवाद र युद्ध। यी तीन घटनाको प्रभावको सिमाना हुँदैन। तिनले कुनै न कुनै रूपमा सम्पूर्ण मानवजातिलाई प्रभावित पारिरेहका हुन्छन्। आतङ्कवादले निरपराध मानिसलाई पनि आफ्नो सिकार बनाउँछ। युद्धले युद्धरत पक्षलाई त आघात गर्छ नै। त्यसको असर युद्धरत पक्षमाथि मात्रै होइन, विश्वका सबै जसो जनतामाथि समेत पर्छ। युक्रेनमा र पश्चिम एसियामा भइरहेको युद्धले खाद्यान्न, मल र इन्धनलगायत दैनिक जीवनमा अत्यावश्यक धेरै वस्तुको उत्पादन, ओसारपसार र मूल्यमा गम्भीर असर पारेको छ। नेपालकी एक गरिब गृहिणी आधा रातदेखि पकाउने ग्यासको सिलिन्डर लिएर लाइनमा कुरिरहेकी हुन्छिन्। जलवायु परिवर्तनले ल्याएको विध्वंसबाहेक पीडाको एक अर्को नमुना हो त्यो।

जलवायु परिवर्तन या पृथ्वीको तापमान बढ्दाको असर त यति विश्वव्यापी छ कि यसमा पीडक र पीडित भन्ने पक्ष नै छैन। मनुष्य जाति मात्र होइन, पशुपन्छीसमेत यसको दुष्परिणाम भोग्न बाध्य छन्। हामी जसलाई जलवायु परिवर्तनका कारक या दोषी भनेर औँला ठड्याइरहेका छौँ, उनीहरू पनि यसका पीडित पक्ष हुन्। यत्ति हो कि उनीहरूले यो सत्य स्वीकार गर्नु पर्छ। अहिले वातावरण प्रदूषणको ठुलो स्रोतका रूपमा विकसित र विकासोन्मुख शक्तिशाली देशहरूलाई मानिएको छ। त्यसकारण उनीहरूले यसको ठुलो जिम्मेवारी लिनु उपयुक्त देखिन्छ- दोषीका रूपमा भन्दा पनि ज्ञान, शक्ति, सम्पत्ति र अन्य स्रोतसाधनका धनीका रूपमा धेरै सकारात्मक काम गर्न सक्ने क्षमता भएको हुनाले।

हिन्दुकुश तथा हिमालय पर्वतशृङ्खला दुई अर्बभन्दा बढी जनताका लागि पानी स्रोत मानिन्छन्। हिमालयलाई पानीको चुचुरो 'वाटर टावर' भनिन्छ तर यो हिमाली क्षेत्र धर्तीमा बढ्दो औसत तापमानको तुलनामा बढी तातिरहेको र हिमनदीहरू पग्लिने क्रम द्रुततर गतिमा बढेको छ भन्ने वैज्ञानिक र अनुसन्धाताको अनुसन्धानले देखाउँछ। भनिन्छ, उत्तरी र दक्षिणी ध्रुवका हिमाच्छादित क्षेत्र पनि यसरी नै औसतभन्दा बढी तातेर पग्लिएका छन् र यसको असर पृथ्वीका सबै मानवजाति, बोटबिरुवा र जीवजन्तुले भोग्न परिरहेको छ।

यो सर्वविदित छ कि नेपाल जस्तो सानो र विपन्न देशको विकट हिमाली क्षेत्र र तलतिरका पहाडी क्षेत्र र नदीकिनारामा बसोबास गर्ने जनताले जलवायुजन्य विध्वंसको परिणाम बढी मात्रामा भोग्नु परेको छ। त्यसकारण हामीले धनी र विकसित देशबाट 'क्षतिपूर्ति' भन्दा पनि 'सहयोग' माग्ने कुरा एउटा छ तर हामी सबैले स्वीकार गर्नु पर्छ कि यस्तो विध्वंसको क्षतिपूर्ति जति धेरै मात्रामा दिए पनि न त त्यो पर्याप्त हुन्छ न त त्यही नै समस्याको स्थायी समाधान हो। स्थायी समाधान भनेको विश्वव्यापीस्तरमा कार्बन उत्सर्जन घटाउँदै जाने हो, जुन कुरा पृथ्वीमा बसोबास गर्ने सबै मानवजातिको र प्राणीको हितमा छ। हामीलाई लाग्छ, त्यसका लागि हामीले हाम्रो प्रवृत्तिमा परिवर्तन ल्याउनु पर्छ।

पृथ्वीको तापमान नै बढाउने गरी कार्बन उत्सर्जन गर्नुको मुख्य कारण मानवको मनमा रहेको भोगवादी प्रवृत्ति हो, जसले काम, क्रोध र लोभलाई जन्म दिन्छ। अहिले विश्वले भोगिरहेका वातावरण प्रदूषण, आतङ्कवाद र युद्ध यही भोगवादी प्रवृत्तिका परिणाम हुन्। परमाणु बमलगायत नरसंहारकारी हतियारको धनी भएर आफू सुरक्षित रहन्छु भन्ने सोच मोह या भ्रम भए जस्तै भौतिक सम्पत्तिको अत्यधिक सङ्ग्रह वा भोगबाट सुख पाइन्छ भन्ने सोच पनि मोह मात्र हो। हतियारको थुप्रो राखेर र प्रयोग गरेर प्रतिपक्षीलाई परास्त गर्न सक्छु भन्ने सोचलाई मद या अहङ्कार भनिन्छ। अरूले आफ्नो जस्तै उन्नति गर्न लागेको देखेर रिस गर्नु मात्सर्य हो। मानिसको मनबाट यी दुर्गुण नहटाएसम्म ऊ कदापि सुखी र कुनै कुराबाट पनि सुरक्षित हुन सक्दैन।

**सुरक्षित वातावरण**

पृथ्वीको औसत तापमानभन्दा बढी तातेको हिमालय र उत्तरी तथा दक्षिणी ध्रुवीय क्षेत्र यसै गरी तात्दै गएमा समुद्री सतह बढेर माल्दिभ्स जस्ता कतिपय टापु राज्य त बिलाउने नै अवस्था आउन सक्छ। पृथ्वीको तापमानको वृद्धि यस्तै गतिमा हुने हो भने त्यही संयुक्त राष्ट्रसङ्घको मुख्यालय रहेको म्यानहटन सहरका घरका भुँइतला पनि डुबानमा पर्ने दिन आउन धेरै समय नलाग्ला। यो मिथ्या त्रास होइन। (भनिन्छ, म्यानहाटनको सबभन्दा तल्लो प्राकृतिक जमिनको सतह समुद्र सतहबाट करिब सात फिट (२.१ मिटर) माथि छ, जुन तल्लो म्यानहटनको तटीय क्षेत्र (वाटर फ्रन्ट) र पुलहरू बिचका क्षेत्रमा पर्छ)। हामी भनौँला, हाम्रो जीवनकालमा नडुबे भइहाल्यो, पछि जेसुकै होस् तर के हामी हाम्रा सन्तान दरसन्तानका लागि पृथ्वीमा सुरक्षित वातावरण चाहन्नौँ ? के हामी हाम्रा सन्ततिलाई प्रेम गर्दैनौँ ? कार्बन उत्सर्जनको परिणामस्वरूप हिमनदी पग्लने, पहिरो जाने र समुद्रको सतह बढ्ने मात्र होइन, यसका अन्य धेरै दुष्परिणाम पनि हुन सक्छन्। त्यस विषयमा समेत हामीले विचार गर्नुपर्ने हुन्छ तर यसै महिनाको सुरुमा संयुक्त राष्ट्रसङ्घको वातावरण कार्यक्रमले निकालेको रिपोर्टले भन्छ कि विश्वको तापक्रम १.५ डिग्री सेल्सियसमा रोक्ने लक्ष्य पूरा नगर्ने भएको छ। पेरिस सम्झौताबाट पछि हट्ने वा त्यसको बेवास्ता गर्ने काम दुर्भाग्यपूर्ण छ।

वातावरण प्रदूषणको समस्या भविष्यको समस्या होइन। यो त अहिले नै हाम्रासामु खडा भइसकेको समस्या हो। आज नेपालका हिमाली क्षेत्रका केही जिल्लामा प्रकृतिको एक भयावह ताण्डव नृत्य देखियो र जनधनको अकल्पनीय क्षति भयो। यसको वास्तविक कारण विश्वव्यापी छ। तीव्र गतिमा विकास भइरहेका अर्थतन्त्र भएका देशका राजधानीमा वातावरण प्रदूषणका कारण बराबर स्कुल बन्द गरिरहनु परेको छ। आखिर यस्तो विकास गरेर या जीवनशैली निर्माण गरेर हामीले हाम्रा सन्ततिलाई कस्तो शिक्षा र संस्कार दिन चाहेका छौँ ?

**विश्वदृष्टि कस्तो होला ?**

अहिले मानिसकै अति लोभी, अहङ्कारी र निर्दयी क्रियाकलापको परिणामस्वरूप पृथ्वीमातालाई ज्वरो आएको छ। तैपनि पृथ्वीकै सन्तान मानिस युद्ध गर्न छोडिरहेको छैन। हालै युक्रेनमा ७४ वटा भूमिगत स्कुलमा केटाकेटी पढिरहेको खबर र फोटो एउटा अखबारमा देख्दा सोध्न मन लाग्छ- मानवजातिको नैतिक पतनको योभन्दा अर्को उदाहण के हुन सक्छ ? यस्तो स्कुलमा पढेका बालबालिका युवकयुवती हुँदा कस्तो मानसिकतासाथ हुर्केका होलान् ? तिनको विश्वदृष्टि कस्तो होला ? स्कुलका निर्दोष बालबालिकामाथि अन्धाधुन्ध गोली चलेका खबर विश्वका सबैभन्दा शक्तिशाली देशबाट मात्रै होइन, दक्षिणपूर्वी एसियाको एउटा विकासोन्मुख देशबाट पनि आयो। कोही अकस्मात् कक्षाभित्र पसेर गोली चलाउन थाल्यो भने कसरी डेस्कमुनि लुकेर बच्ने भन्ने शिक्षा बालबालिकालाई दिन थालिएको छ। हिंसाको सजिलो साधन बन्दुक कति सजिलै बिक्री हुन्छ ? सुरक्षा निकायका कर्मचारीबाहेक अरूलाई बन्दुक बोक्नबाट किन रोक्न सकिन्न ?

राष्ट्रपति केनेडीले जनवरी २०, १९६० मा आफ्नो राष्ट्रपतीय पदभार ग्रहण गर्दै भनेका थिए, "मानिसले आज आफ्नो हातमा सम्पूर्ण किसिमको मानवीय गरिबी खारेज गर्ने शक्ति लिएको छ, साथै उनै हातमा मानव जीवनका सबै स्वरूपलाई खतम गर्न सक्ने शक्ति पनि लिएको छ।" हामी आज धेरै अगाडि आएका छौँ। हामीले एआई जस्तो प्रविधि विकास गरेका छौँ र सायद त्यसको सदुपयोग गरेर धर्तीलाई स्वर्ग बनाउन सक्छौँ, दुरूपयोग गरेमा नरक बनाउन पनि सक्छौँ। सारा विश्वबाट भोकमरी निर्मूल पार्न सक्छौँ। सबै बालबालिकालाई सुस्वास्थ्य र शिक्षाको पूर्ण प्रत्याभूति दिन सक्छौँ तर हामी त्यतातिर नलागेर हातहतियारको व्यापार गरिरहेछौँ र आफ्ना सन्तानको भविष्यलाई नरकतिर धकेल्दै छौँ। एआईले त मानवजातिको अस्तित्वलाई नै खतम गर्न पनि सक्छ भनिन्छ।

त्यसकारण हाम्रो अपिल छ कि शान्तिपूर्ण सहअस्तित्वको अभ्यास गरौँ। विज्ञान र प्रविधिको बुद्धिमत्तापूर्ण उपयोग गरौँ। मानवजातिका शत्रु भनेका अशिक्षा, अज्ञान र गरिबी हुन्। तिनलाई हटाउन र वातावरण विनाशबाट मानिसले भोग्नु परेको दुःखकष्ट निवारण गर्न पारस्परिक सहयोग गरौँ। योभन्दा अर्को राम्रो बाटो देखिँदैन।- गोरखापत्र

## स्वास्थ्य

# साना कुकुरले टोक्दा रेबिज सर्दैन भन्ने बुझाइ गलत

रेविज कुकुर, बिरालो तथा अन्य जंगली जनावरको टोकाइबाट मानिसमा सर्न सक्ने प्राणघातक जुनोटिक रोग हो। घरपालुवा होस् वा सामुदायिक कुकुर, जुनसुकै उमेर तथा शारीरिक अवस्थाका स्तनधारी जनावरवहरूमा यस रोगको संक्रमण हुन सक्छ।

एकपटक रेविज रोग लागिसकेपछि यसको प्रभावकारी उपचार छैन। तर, समयमै यस रोग विरुद्धको खोप लगाएमा सजिलै बच्न सकिन्छ।

सन् १८८५ मै वैज्ञानिक लुई पाश्चर ले पहिलो पटक रेविज रोगविरुद्ध खोप आविष्कार गरेका थिए। तर त्यसको डेढ शताब्दीपछि आजका दिनमा समेत खोप लगाउनुपर्छ भन्ने सामान्य ज्ञानको अभावले धेरैमा छ। यही कारण मानिसले अकालमै ज्यान गुमाउनुपर्ने अवस्था छ।

नेपालमा रेविज रोगका कारण वर्षमा करिब १०० जना भन्दा बढीको मृत्यु हुँदै आएको छ। विश्व स्वास्थ्य संगठनका अनुसार विश्वभरि हरेक वर्ष करिब ५९ हजार मानिसको रेविज रोगको कारण मृत्यु हुने गरेको छ। ९९ प्रतिशत मृत्यु कुकुरबाट सर्ने रेविज रोगका कारण हुने गरेको तथ्यांकले देखाउँछ। यसमा पनि प्रत्येक १० जना मध्ये ४ जना १५ वर्षमुनिका उबालबालिका रहने गरेका छन्।

स्वास्थ्य सेवा विभागले प्राथमिक सेवा केन्द्रसम्मका स्वास्थ्य संस्थामा निशुल्क रेविज रोग विरुद्धको भ्याक्सिन उपलब्ध गराउँदै आएको छ। साना उमेरका कुकुरको टोकाइबाट रेविज रोग सर्दैन भन्ने गलत धारणा धेरेमा छ। यही कारण खोप नलगाउने प्रवृत्ति धेरै छ। यस प्रकारको भ्रमले धेरै व्यक्तिहरूमा रेविज रोगको संक्रमण भई अकालमा मृत्युवरण गरेको अवस्था छ।

अधिकांश केसहरूमा बच्चा कुकुरलाई ढलको पानीबाट उद्धार गर्ने, खाना खुवाउने वा मायाले अपरिचित कुकुरहरूलाई बोक्ने र उनीहरूसँग खेल्ने क्रममा टोकेर वा चिथारेर रेविज सरेको पाइन्छ।

साथै साना उमेरका बालबालिकालाई रेविज रोग लाग्दैन भन्ने अर्को भ्रम पनि धेरैमा छ। कतिपय अवस्थामा बालबालिकालाई कुकुरले टोकेमा त्यो कुरा उनीहरूले आफ्ना अभिभावकलाई नभन्न सक्छन्। यस्तो




अवस्थामा पनि बालबालिकाहरूमा रेविज रोगको जोखिम अझ उच्च रहेको छ।

हाम्रो नेपाली समाजमा स्वास्थ्य सम्बन्धी समस्या परेमा नजिकैको औषधि पसलमा गई परामर्श लिने चलन छ। यसले गर्दा स्वास्थ्यकर्मी, औषधि विक्रेता तथा परामर्सदाताहरूमा नै रेविज रोग र रोकथामका उपायहरूको बारेमा पर्याप्त ज्ञान दिनु आवश्यक देखिन्छ।

अत कुनै पनि स्तनधारी जनावहरूले टोके वा चिथोरेमा उक्त ठाउँमा सफा पानी र साबुनले १५ मिनेटसम्म सफा गर्नुपर्छ र नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गरी रेविजविरुद्धको खोप लागाउनुपर्छ। ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले जारी गरेको रेविज रोकथामसम्बन्धी राष्ट्रिय निर्देशिका,२०१९ का अनुसार अवस्था हेरेर टोकेको घाउमा इम्युनोग्लोबुलिन समेत लगाउनुपर्ने हुन्छ।

नेपाल सरकारको एक स्वास्थ्य अवधारणा अनुसार प्राथमिकतामा परेको रेविज रोगको नियन्त्रणका लागि समुदायस्तरमै जनचेतना अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने आवश्यक रहेको छ। स्कुलका विद्यार्थीहरू, जनसमुदाय, स्वास्थ्यकर्मी, औषधि विक्रेता, पशुस्वास्थ्यकर्मी लक्षित जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ। घरपालुवा तथा समुदायमा रहेको कुकुरहरूलाई अनिवार्य रेविजविरुद्धको खोप लगाउनुपर्छ।

विश्व पशु स्वास्थ्य संगठनले सिफारिस गरेको वैज्ञानिक तरिकाबाट कुकुरको तथ्याङ्क संकलन, माइक्रो चिपिङ्ग तथा कुकुरको अनिवार्य दर्ता गरेर मात्रै पाल्ने व्यवस्था हुनुपर्छ। मानवीय तरिकाबाट कुकुरको संख्या नियन्त्रण गर्न कुकुरमा बध्याकरण कार्यक्रम गर्न सकिन्छ।

साथै प्रभावकारी फोहरमैला व्यवस्थापन गर्नाले वातावरणमा उपलब्ध आहाराको कमीले गर्दा सामुदायिक कुकुरहरू खानाको खोजीमा अन्यन्त्र विस्तापित जाने सम्भावना हुन्छ। हाल समुदायमा रहेका बिरामी, कुपोषण, अपाङ्ग तथा परित्याग गरिएका जनावरहरूलाई स्थानीय तहको पहलमा छुट्टै उद्धार तथा पुनर्स्थापना केन्द्र स्थापना गरी व्यावस्थापन गर्न सकेमा समुदायमा रेविज रोग संक्रमण फैलिने जोखिमलाई न्यूनीकरण गर्न सकिन्छ।

तसर्थ विश्व स्वास्थ्य संगठन, विश्व पशु स्वास्थ्य संगठन, खाद्य तथा कृषि संगठन र ग्लोबल एलायन्स फर रेविज कन्ट्रोलको संयुक्त अन्तर्राष्ट्रिय जिरो बाइ ३०' अभियानमा सन् २०३० सम्ममा कुकुरबाट मानिसमा सर्ने रेविजका कारण हुने मानवको मृत्युलाई शून्यमा झार्न नेपालको प्रतिबद्धता अनुसार एक स्वास्थ्य अवधारणामा कार्य गर्नु पर्ने दायित्व रहेको छ।

यसका लागि कुकुरको संख्या, जनघनत्व, स्थानीय तहको प्रतिबद्धता तथा समुदायको आवश्यकताको आधारमा उच्च जोखिममा रहेका कुनै एक नगरपालिकामा एक स्वास्थ्य अवधारणामा रेविज रोग नियन्त्रणका लागि प्रायोगिक परियोजना सञ्चालन गरी कालान्तरमा राष्ट्र्व्यापी विस्तार गर्न सकिन्छ।

जसमा मानव स्वास्थ्य, पशु स्वास्थ्य, वातावरण स्वास्थ्य, स्थानीय सरकार तथा जनसमुदायहरू एकजुट भएर एकीकृत रेविज रोग निगरानी प्रणाली विकास गरी कार्य योजना अनुसार काम गर्नुपर्ने आवश्यक रहेको देखिन्छ।-अनलाइन खबर

# लिट्मस इन्डस्ट्रिजद्वारा सरोकारवाला बीच पहिलो 'पावर पार्टनर्स मिट' आयोजना

**कालपृष्ठ समाचारदाता**

*काठमाडौं, १२ असोज*

लिट्मस इन्डस्ट्रिज लिमिटेडले नेपालको ऊर्जा क्षेत्रका सरोकारवालाहरूलाई एकै ठाउँमा ल्याउँदै काठमाडौंमा पहिलोपटक 'लिट्मस पावर पार्टनर्स मिट २०२६' आयोजना गरेको छ। कार्यक्रममा जलविद्युत्, सौर्य ऊर्जा, इन्जिनियरिङ, खरिद तथा निर्माण (ईपीसी) र परामर्श क्षेत्रका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

'साथ, सम्बन्ध र विश्वास' भन्ने मूल नाराका साथ आयोजना गरिएको कार्यक्रममा नेपालको ऊर्जा क्षेत्रका पछिल्ला विकासक्रम, चुनौती तथा उदीयमान अवसरबारे छलफल गरिएको थियो। कार्यक्रममा सहकार्य, प्रविधिको विकास, उत्पादनको गुणस्तर तथा भरपर्दो र दिगो ऊर्जा पूर्वाधार निर्माणका विषयलाई प्राथमिकताका साथ उठाइएको थियो।

कार्यक्रममा स्थापित तथा नयाँ जलविद्युत् कम्पनी, सौर्य ऊर्जा विकासकर्ता, ईपीसी कम्पनी, परामर्शदाता तथा उद्योगसँग सम्बन्धित संस्थाका प्रतिनिधिहरूको सहभागिता थियो साथै आइपिएएन लगायतका संस्थाका प्रतिनिधिहरू पनि सहभागी भएका थिए।

नेपालको नवीकरणीय ऊर्जा क्षेत्रका बदलिँदो आवश्यकता तथा प्रसारण र वितरण पूर्वाधारलाई थप सुदृढ बनाउन गुणस्तरीय उत्पादन र प्रविधिको भूमिकाबारे कार्यक्रममा छलफल गरिएको थियो। सहभागीहरूले आयोजना विकास, प्राविधिक कार्यान्वयन, नवीनता तथा ऊर्जा क्षेत्रको सम्पूर्ण मूल्य शृंखलामा अझ बलियो सहकार्यको आवश्यकताबारे आफ्ना धारणा आदानप्रदान गरेका थिए।




उक्त कार्यक्रममा लिट्मस इन्डस्ट्रिजले आफ्ना विद्यमान उत्पादन तथा समाधानहरूको विस्तृत श्रृंखला प्रस्तुत गर्नुका साथै नेपाली बजारमा दुई नयाँ कन्डक्टर प्रविधि पनि सार्वजनिक गरेको छ। कम्पनीले एचटीएलएस, कन्डक्टर र एल-५९ कन्डक्टर नेपाली बजारमा प्रस्तुत गरेको हो। यी उत्कृष्ट कन्डक्टर प्रविधिको सुरुवातले लिट्मस इन्डस्ट्रिजको उत्पादन पोर्टफोलियोलाई थप विस्तार गर्नुका साथै नेपालको प्रसारण तथा वितरण क्षेत्रमा विकसित हुँदै गएका आवश्यकतालाई सम्बोधन गर्न सहयोग पुग्ने कम्पनीले जनाएको छ।

लिट्मस इन्डस्ट्रिज लिमिटेडका प्रबन्ध निर्देशक रोहित गुप्ताले नेपालको ऊर्जा क्षेत्रका विभिन्न पक्षबीच बलियो साझेदारी निर्माणको महत्वमा जोड दिएका थिए। नेपालको ऊर्जा क्षेत्र निरन्तर विकसित भइरहेका बेला भरपर्दो, प्रभावकारी र दिगो विद्युत् पूर्वाधार निर्माणका लागि उत्पादक, आयोजना विकासकर्ता, ईपीसी कम्पनी, परामर्शदाता तथा अन्य उद्योग सरोकारवालाबीचको सहकार्य आवश्यक रहेको उनले बताए।

रमेश कर्प अन्तर्गत सन् १९७७ मा स्थापना भएको लिट्मस इन्डस्ट्रिज नेपालमा तार, केबल तथा कन्डक्टर उत्पादनको क्षेत्रमा लामो समयदेखि सक्रिय रहँदै आएको छ। कम्पनीका उत्पादनहरू विद्युत् प्रसारण, वितरण तथा विभिन्न पूर्वाधारसम्बन्धी क्षेत्रमा प्रयोग हुँदै आएका छन्।

लिट्मस इन्डस्ट्रिज लिमिटेडको बारेमाः

लिट्मस इन्डस्ट्रिज लिमिटेड नेपालमा तार, केबल तथा कन्डक्टर उत्पादन गर्ने प्रमुख कम्पनी हो। कम्पनीले नेपालमा एल्युमिनियम तथा मिश्र धातुका रड उत्पादन गर्दै आइरहेको छ। पाँच दशकभन्दा लामो उत्पादन अनुभव बोकेको कम्पनीले पूर्वाधार, निर्माण, ऊर्जा तथा औद्योगिक क्षेत्रका लागि उच्च गुणस्तरीय उत्पादनहरू उपलब्ध गराउँदै आएको छ। नवीनता, उत्कृष्ट उत्पादन प्रविधि तथा गुणस्तर प्रतिको उच्च प्रतिबद्धताका साथ लिट्मस इन्डस्ट्रिजले नेपालभर आफ्ना ग्राहकलाई सेवा प्रदान गर्दै आएको छ। साथै, कम्पनीले क्षेत्रीय निर्यात बजारमा समेत आफ्नो उपस्थिति विस्तार गर्दै नेपालको औद्योगिक विकास तथा आर्थिक वृद्धिमा योगदान पुर्‍याउँदै आएको छ।




# दशौँ वर्ष पार गर्‍यो नील सागर सेवा आश्रमले




**कालपृष्ठ समाचारदाता**

*नेपालगन्ज १२ असोज*

नेपालगञ्जमा मुख्य कार्यालय रहेको नील सागर सेवा आश्रमले विविध कार्यक्रम आयोजना गरी आफ्नो दशौँ वार्षिकोत्सव मनाएको छ। आश्रमले वार्षिकोत्सवको अवसरमा बालबालिकाबीच कविता प्रतियोगितासहित विभिन्न सामाजिक तथा सेवामूलक कार्यक्रम सञ्चालन गरिरहेको हो।

आश्रमले सहयोगस्वरूप प्राप्त खाद्यान्न अस्पताल तथा अपाङ्गता भएका व्यक्तिलगायतलाई वितरण गर्दै आएको छ। वार्षिकोत्सवको मुख्य कार्यक्रम सोमबार गरिएको हो भने साताभर विभिन्न क्रियाकलाप गरि मनाइएको थियो।

आश्रमले हाल बालबालिका, ज्येष्ठ नागरिकलगायत २४५ जनालाई संरक्षण तथा सेवा प्रदान गरिरहेको छ। तीमध्ये ८७ जना बालबालिका छन्। आश्रममा रहेका बालबालिकामध्ये ६८ जना विद्यालय तहमा अध्ययनरत छन् भने १० जना उच्च माध्यमिक तहमा अध्ययन गरिरहेका छन्।

यससंगै आश्रमले दशैंपछि नेपालगञ्ज उपमहानगरपालिका-६ स्थित हडियाबाबा मन्दिरनजिकै निर्माण भइरहेको नयाँ भवनमा सर्ने तयारी गरेको छ। ४० वटा कोठा निर्माण गरिएको उक्त भवनमा ३०० भन्दा बढी मानिसलाई राख्न सकिने क्षमता रहेको संस्थापक अध्यक्ष सरिता खनालले जानकारी दिनुभयो।

नयाँ भवनमा बालबालिकालाई आत्मनिर्भर बनाउन व्यावसायिक तथा व्यावहारिक सीप सिकाउने योजना पनि आश्रमले अघि सारेको उहाँले जानकारी दिनुभयो। अर्गानिक तरकारी उत्पादन, चिया बगान सञ्चालन, स्थानीय उत्पादनलाई खानाका रूपमा प्रयोग गर्ने, विभिन्न व्यवसायिक सीप सिकाउने तयारी भइरहेको अध्यक्ष खनालले बताउनुभयो।

बालबालिकाले आश्रममा हुर्किएपछि भविष्यमा आफैँले जीविकोपार्जन गर्न सकून् भन्ने उद्देश्यले व्यावसायिक काम सिकाउने योजना बनाइएको खनालको भनाइ छ। यसका लागि आश्रमले प्रतिकठ्ठा वार्षिक चार हजार रूपैयाँका दरले एक बिघा जग्गा १० वर्षका लागि ठेक्कामा लिएको छ। नयाँ भवन निर्माण भइरहेको क्षेत्रमै उक्त जग्गा रहेको हो।

नील सागर सेवा आश्रमले बाँकेका नेपालगञ्ज र कोहलपुरसहित दाङ, पाल्पा र पोखरामा गरी छ वटा शाखा सञ्चालन गरिरहेको जनाएको छ। नवलपरासीमा पनि नयाँ शाखा खोल्ने तयारी छ। यसबाहेक सल्यान, दैलेख र बुटवलमा आश्रम सञ्चालन नगरे पनि सेवा प्रदान गर्दै आएको छ। आश्रमका अनुसार देशभरिबाट हालसम्म ५४१ जनाले नील सागरको सेवा लिइरहेका छन्।

नेपाल सरकार
कृषि,वन तथा पर्यावरण मन्त्रालय
पशु सेवा विभाग
**पशु प्रजनन कार्यालय**
गौघाट, बाँके

## सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति २०८३/०६/१३ गते

यस कार्यालयबाट चालू आ.व.को स्वीकृत कार्यक्रम अनुसार सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतिय खरिद प्रणालीमा समस्या उत्पन्न भएको सम्बन्धी मिति २०८३/०५/११ गतेको सूचना बमोजिम तपसिलको खरिद कार्यमा संलग्न हुन इच्छुक फर्म/संस्था/कम्पनीले देहाय बमोजिमका शर्तहरुको अधीनमा रही रीतपूर्वक हार्डकपि खरिद गरी यस कार्यालयमा दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

| क्र. सं. | ठेक्का नम्बर | कामको विवरण | खरिदको किसिम | दर्ता गर्ने अन्तिम मिति र समय | खोलिने मिति र समय | जमानत रु. | दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|
| १. | LBO-NPJ/ SQ/GOODS/ 2083-084/03 | Supply and Delivery of Semen Filling Straws | दरभाउपत्र | सूचना प्रकाशन मितिले ८ औं दिनको १२:०० बजेसम्म | सूचना प्रकाशन मितिले ८ औं दिनको १४:०० बजे | ३२०००/- | १०००/- |

**तपसिल**

१. दरभाउपत्र सम्बन्धी शर्तहरु सम्बन्धित दरभाउपत्र फाराममा उल्लेख गरे बमोजिम हुने छ।
२. दरभाउपत्र दस्तुर वापतको रकम यस कार्यालयको (कोड नं.३१२०२५७०२) रा.वा.बैंक नेपालगन्जमा रहेको खाता नं.१०००१००२०००१०००० र राजस्व शिर्षक नं. १४२२९ मा जम्मा गर्नुपर्ने छ।
३. दरभाउपत्र जमानत वापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, बाँकेको नाममा राष्ट्रिय बाणिज्य बैङ्क, नेपालगञ्ज स्थित धरौटी खाता नं. ४१३०१००१०२०३०००० मा नगद जम्मा गरेको सक्कलै बैङ्क भौचर वा प्रचलित कानून बमोजिम बैङ्क ग्यारेन्टी गर्न इजाजत प्राप्त वाणिज्य बैङ्क/वित्तीय संस्थाबाट दरभाउपत्र खोलेको मितिबाट कम्तिमा १२० दिन सम्म मान्य अवधि रहेको बैङ्क जमानत (बैङ्क ग्यारेन्टी) संलग्न हुनुपर्ने छ।
४. दरभाउपत्र सम्बन्धी सम्पूर्ण कार्य हार्डकपिबाट मात्र हुने छ र शर्त राखी वा रीत नपुगी पेश भएका दरभाउपत्रहरु स्विकार गरिने छैन।
५. यस सम्बन्धी विस्तृत विवरणको लागि कार्यालयको वेभसाइट वा कार्यालयमा सम्पर्क गर्न सकिने छ।
६. बोलपत्र सम्बन्धी अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम हुने छ।




# समाचार र विचारको स्वतन्त्र संवाहक

# kalpristhanews.com

# नेपालगन्ज रङ्गशालामा फ्लड लाइट जडान गरिँदै

**कालपृष्ठ समाचारदाता**

*नेपालगन्ज, १२ असोज*



नेपालगन्ज रङ्गशालामा उच्च क्षमताको प्रकाश प्रणाली (फ्लडलाइट) जडान गरिँदैछ। सरकारले मुख्य सहरमा व्यावसायिक खेलकुदको विकाससँगै रात्रिकालीन प्रतियोगिता सञ्चालन गर्ने योजनाअन्तर्गत यहाँको रङ्गशालालाई फ्लडलाइट जडानसहित स्तरोन्नति गर्न लागेको हो।

फ्लडलाइट जडानपछि रात्रिकालीन समयमा खेलकुद गतिविधि सञ्चालन गर्न सहज भइ खेल पर्यटन प्रवर्द्धनमा समेत टेवा पुग्ने अपेक्षा गरिएको छ। मध्यपश्चिम क्षेत्रीय खेलकुद विकास समितिका पूर्वअध्यक्ष भीम ओलीले फ्लडलाइट जडानले यहाँको खेलकुद गतिविधिलाई नयाँ गति दिने बताउनुभयो।

“यहाँ गर्मीका कारण दिउँसो खेलकुद गतिविधि सञ्चालन गर्न कठिन छ। फ्लडलाइट जडान भएपछि राति पनि नियमित खेल, अभ्यास र प्रतियोगिता सञ्चालन गर्न सकिनेछ।” उहाँले भन्नुभयो, “यसले खेलकुदको दायरा विस्तारका साथै नेपालगन्जलाई खेल पर्यटन गन्तव्यका रूपमा विकास गर्न समेत सहयोग पुर्‍याउनेछ।”

यस्ता कार्यक्रम आधुनिक पूर्वाधार विस्तारसँगै खेलाडी, दर्शक तथा आयोजकलाई समेत सहज वातावरण निर्माण हुनेछ। उक्त प्रविधिको जडानसँगै फुटबल मैदानको आधारभूत पूर्वाधार सुधारमा ध्यान दिइनुपर्ने आवश्यकता औँल्याइएको छ।

जिल्ला खेलकुद विकास समिति बाँकेका पूर्वअध्यक्ष मोहित शाहले मैदानको सतह, पानी निकासलगायतका पक्षमा सुधारको खाँचो औँल्याउनुभयो। त्यस रङ्गशालामा खेलकुद तथा अन्य कार्यक्रम सञ्चालनबाट आम्दानीका स्रोत बढ्न गई मर्मत सम्भारलाई निरन्तरता दिन सकिने सरोकारवालाको भनाइ छ।

नेपाल सरकारको खेलकुद पूर्वाधार विकास योजनाअन्तर्गत पूर्वाधार विकास मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद् (राखेप) बिच यसै साता खेलकुद संरचनाको निर्माण तथा स्तरोन्नतिका लागि सम्झौता भएको थियो।

सम्झौताअनुसार आगामी तीन वर्षभित्र रङ्गशालालगायत निश्चित खेलकुद पूर्वाधारमा रु २५ करोडसम्म लगानी गरी आधुनिक फ्लडलाइट जडान तथा मर्मत सम्भारका काम गर्ने लक्ष्य राखिएको छ।

लामो समयदेखि रङ्गशालालाई आधुनिक र सुविधा सम्पन्न बनाउन पर्ने माग हुँदै आएको थियो। रासस

# सचिव पौडेलद्धारा नेपालगन्ज रंगशालाको निरीक्षण

**कालपृष्ठ समाचारदाता**

*नेपालगन्ज, १२ असोज*

आगामी मंसिर १६ देखि २७ गतेसम्म कर्णाली प्रदेशको सुर्खेतमा आयोजना गरिने दसौं राष्ट्रिय खेलकुद प्रतियोगिताका केही खेलहरू नेपालगन्ज रंगशालामा सञ्चालन गरिने भएका छन्।

सोही उदेश्यले शिक्षा तथा खेलकुद मन्त्रालयका सचिव चुडामणि पौडेलको नेतृत्वको टोलीले सोमबार नेपालगन्ज रंगशालाको निरीक्षण तथा अनुगमन गरेको छ।

साबिक मध्यपश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका प्रमुख महेश चन्दका अनुसार दसौं राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारी सम्बन्धमा स्थलगत जानकारी लिन सुर्खेत पुग्नुभएको मन्त्रालयका सचिव पौडेल र सहसचिव रमेश ढकाल लगायतले फर्किने क्रममा नेपालगन्ज पुगेर रंगशालामा रहेका खेल पूर्वाधारहरूको निरीक्षण गर्नुभएको हो।

सो क्रमममा उहाँहरूले रंगशालाको मुख्य मैदान, पौडी पोखरी, सुटिङ रेन्ज, कभर्ड हल लगायतको निरीक्षण गरी दसौं राष्टिय खेलकुद प्रतियोगिताका करिब ६ वटा खेलहरू नेपालगन्जमा खेलाउने तयारी गर्नुपर्ने बताउनुभएको हो।

समितिका प्रमुख चन्दले भन्नुभयो, “दसौं राष्ट्रिय खेलकुद प्रतियोगिताको पूर्व तयारीका क्रममा खेलकुद मन्त्रालयका सचिव र सहसचिव लगायतले नेपालगन्ज रंगशालामा सञ्चालन हुने सम्भावित खेलस्थलहरूको अनुगमन तथा निरीक्षण गर्नुभएको हो।”

सो अवसरमा साबिक मध्यपश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका कार्यालय प्रमुख महेश चन्दले नेपालगन्ज रंगशालाका विभिन्न खेलस्थल तथा पूर्वाधारबारे जानकारी गराउनुभएको थियो।

नेपालगन्जमा सम्पन्न भएको आठौं राष्ट्रिय खेलकुदका लागि ठुला लगानीका साथ धेरै खेलकुद पूर्वाधारहरू तयार पारिएका थिए। उचित संरक्षण र रखेदेखका लागि बजेट नहुँदा खेल पूर्वाधारहरूको अवस्था दयनीय बन्दै गएको बेला नेपालगन्जमा दसौं खेलकुदका केही खेलहरू आयोजन गरिए पूर्वाधारको संरक्षण र रेखदेखमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## आइची-नागोया एसियाली खेलकुद २०२६

# टेनिसको महिला डबल्समा नेपालको चुनौती समाप्त

**कालपृष्ठ समाचारदाता**

*नेपालगन्ज, १२ असोज*



आइची-नागोया एसियाली खेलकुद २०२६ अन्तर्गत टेनिसको महिला डबल्समा नेपालको चुनौती समाप्त भएको छ।

सोमबार हिगाशियामा पार्क टेनिस सेन्टरमा शिभाली गुरुङ र स्वस्तिका विष्टको नेपाली जोडी जापानसँग पराजित भएसँगै महिला डबल्समा नेपालको चुनौती सकिएको हो। जापानी जोडी मोमोको कोबोरी र आयानो शिमिजुसँग नेपालले ६-०, ६-० को हार बेहोर्‍यो।

हारसँगै शिभालीको नागोया एसियाड यात्रा सकिएको छ। उनले तीनवटा स्पर्धामा सहभागिता जनाइसकेकी छन्। कुनैमा पनि उनी दोस्रो चरणको नजिक पुग्न सकिनन्।

यसअघि शिभाली र स्वस्तिका महिला सिंगल्समा पनि पहिलो चरणमै पराजित भएका थिए। शिभाली दक्षिण कोरियाकी दायोन बाकसँग ६-१, ६-० तथा स्वस्तिका जापानकी मोयुका उचिजिमासँग ६-१, ६-१ ले पराजित भएका थिए।

शिभालीले मिक्स्ड डबल्समा प्रदीप खड्कासँग जोडी बनाएकी थिइन्। उक्त जोडी पनि पहिलो चरणमा जापानका शुको ओयामा र युसुके कुसुहारासँग ६-०, ६-१ ले पराजित भएको थियो।

स्वस्तिकाले भने मिक्स्ड डबल्समा प्रतिस्पर्धा गर्न बाँकी छ।

**पर्यटन प्रवर्द्धन गरौं**

- नेपालको प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण गरौं,
- कला, संस्कृति, भेषभुषा, भाषा, परम्पराको संरक्षण एवं प्रवर्द्धन गरौं,
- स्थानीय उत्पादन, हस्तकला तथा मौलिक खानाको प्रवर्द्धन गरौं,
- पर्यटकीय क्षेत्रको स्वच्छता र सौन्दर्यता कायम राखौं,
- पर्यटकप्रति सभ्य, सहयोगी र आतिथ्यपूर्ण व्यवहार गरौं,
- पर्यटन प्रवर्द्धन गरी स्थानीय समुदायको आर्थिक समृद्धिमा योगदान पुऱ्याऔं,
- सुरक्षित र दिगो पर्यटन क्षेत्रको विकासमार्फत आर्थिक समृद्धिका लागि जिम्मेवार बनौं ।

पर्यटक हाम्रा पाहुँना हुन्, सहयोग र सम्मान गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# एन्फा कोषाध्यक्ष र लेखापाल अझै केही दिन थुनामा रहने

**कालपृष्ठ समाचारदाता**

*नेपालगन्ज, १२ असोज*



अखिल नेपाल फुटबल संघ (एन्फा) का कोषाध्यक्ष रविन्द्र जोशी र लेखापाल सञ्जीव पाण्डे तत्काल रिहा नहुने भएका छन्।

उनीहरूका तर्फबाट दायर बन्दीप्रत्यक्षीकरणसम्बन्धी रिटमा सर्वोच्च अदालतको संयुक्त इजलासले सम्बन्धित मिसिलसमेत साथमाराखी नियमानुसार पेस गर्न आदेश दिएको छ।

रविन्द्र जोशीको हकमा उनका पति शोभा जोशीले नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) विरुद्धबन्दीप्रत्यक्षीकरणको रिट दायर गरेकी थिइन्। उक्त रिटमा सर्वोच्चका न्यायाधीशद्वय अब्दुल अजीज मुसलमान र बालकृष्णढकालको संयुक्त इजलासले आदेश दिएको हो।

त्यस्तै, सञ्जीव पाण्डेको हकमा अनिता पाण्डेले सीआईबीविरुद्ध दायर गरेको बन्दीप्रत्यक्षीकरण रिटमा सर्वोच्चका न्यायाधीशद्वयमहेश शर्मा पौडेल र निर्मला कुमार पौडेलको संयुक्त इजलासले मुद्दाको मिसिलसँगै राखी नियमानुसार पेस गर्न आदेश दिएको छ।

दुवै आदेश असोज १२ गते जारी भएका हुन्। आदेशले तत्काल रिहाइको बाटो नखोलेपछि जोशी र पाण्डे केही समय अझै थुनामै रहनेअवस्था बनेको छ।





आईडी कार्ड
मात्र
रू. १५०/-
सम्पर्कः
मो. ९८५८०४१२१०, ९८५८०५९५४४
नेपालगञ्ज-२, धम्बोझी
प्रिन्ट नेप

कालपृष्ठ दैनिकका लागि संस्थापक हेमन्त कर्माचार्य ९८५८०२१९५९, प्रकाशक/सम्पादक : कमल खत्री, कार्यालय: नेपालगञ्ज-२, धम्बोझी, मो.नं.: ९८५११४८३६१, ९८५८०४१२१०, E-mail: kalpristha.news@gmail.com, kalpristha.marketing@gmail.com, मुद्रण: रंगशाला अफसेट प्रेस, नेपालगञ्ज, बाँके।